# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पकडी, कपिलवस्तु
## (लुम्बिनी प्रदेश,नेपाल)

पत्र संख्याः २०८३।०८४
च.न.-

वेवसाईट :www.mayadevimunkapilvastu.gov.np
ईमेल : mayadevirm@gmail.com

मिति: २०८३।०४।०७

**विषयः- विषयविज्ञमा सूचीकृत हुने बारे सूचना।**

प्रस्तुत विषयमा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ९६(क) उपनियम १ बमोजिमको प्रयोजनका लागि सोही नियमावलीको नियम ९६(क) उपनियम ६ मा व्यवस्था भएबमोजिम विषयविज्ञको सूची अद्यावधिक गर्नु पर्ने भएकाले देहायको योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिन भित्र** तपसिलका कागजात संलग्न राखी सूचीकृत हुन चाहेको तह र विषय, हाल कार्यरत विद्यालयको नाम र ठेगाना, शिक्षक संकेत नं. र सम्पर्क मोबाइल नं. स्पष्ट खुलाई निवेदन पेश गर्नु हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ।

निवेदन यस पालिकाको ईमेल ठेगाना mayadevirm@gmail.com मार्फत पनि दर्ता गराउन सकिने छ। तर आवश्यक कागजात सहितको सक्कल निवेदनको फाइल यस कार्यालयमा अनिवार्य बुझाउनु पर्नेछ।

तपसिलः-

| आधारभूत तह (कक्षा १-५) | आधारभूत तह (कक्षा ६-८) | माध्यमिक तह (कक्षा ९-१२) |
|---|---|---|
| ➢ सम्बन्धित तहमा स्थायी नियुक्ति भई सम्बन्धित तहको कम्तिमा ५ (पाँच) वर्षको शिक्षण अनुभव हुनुपर्ने। | ➢ सम्बन्धित तहमा स्थायी नियुक्ति भई सम्बन्धित तहको कम्तिमा ५ (पाँच) वर्षको शिक्षण अनुभव हुनुपर्ने। | ➢ सम्बन्धित तहमा स्थायी नियुक्ति भई सम्बन्धित तहको कम्तिमा ५ (पाँच) वर्षको शिक्षण अनुभव हुनुपर्ने। |
| ➢ शिक्षाशास्त्र संकायमा स्नातक तह वा सो सरह उत्तीर्ण। | ➢ शिक्षाशास्त्र संकायबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण। | ➢ शिक्षाशास्त्र संकायबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण। |

पुनश्चः-
१. यस अघि सूचीकृत भएकाहरूको हकमा समेत पुनःसूचीकरणका लागि निवेदन पेश गर्नु पर्ने छ।

**पेश गर्नु पर्ने कागजातहरूः-**

- निवेदन,
- स्थायी नियुक्ति पत्रको प्रतिलिपि,
- शिक्षण अनुभव पुष्ट्याई हुने सम्बन्धित शिक्षण संस्थाको सिफारिस,
- आवश्यक न्यूनतम योग्यताको ट्रान्सक्रिप्ट र मुल प्रमाणपत्रको प्रतिलिपि।

०८३।०४।०८

नरेन्द्र यादव
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner